कर्णाली प्रदेशको पहिलो दैनिक
# कांक्रेविहार
www .kankrebihar .com
राष्ट्रिय दैनिक

कांक्रेविहार राष्ट्रिय दैनिक
नियमित नआएमा
९८५-१३४४७५४

ग्राहक बन्नु परेमा

❐ वर्ष : २६ ❐ अंक : १५ ❐ शुक्रवार, १६ असोज, २०८३ ❐ Friday, 2 Oct 2026 ❐ नेपाल संवत ११४६ ❐ पृष्ठ : ४ ❐ मूल्य : रू. १०

### कर्णालीमा भीर र रूखको जोखिम :

# ६ वर्षमा ३ सयको मृत्यु, ४ सय ४८ घाइते

❐ चाँदनी कठायत

सुर्खेत, १५ असोज

६ वर्षअघिसम्म उनी हट्टाकट्ठा थिए। गाउँमा कसैको घरको छाना छाउन होस् या घरको बान्नो लगाउन वा कसैको खेतबारी जोत्न होस् कि कसैको घाँस काटिदिन होस्। छिमेकीको हरेक काम र क्रियाकलापमा उनी नाइ नास्ती नगरी काम गर्थें। चाडपर्वको समयमा नाचगान गर्नुपऱ्यो भने मादल पनि उत्तिकै बजाउने। तर ६ वर्षअघि रुखबाट लडेर घाईते भएपछि उनको जीबनको रौनक र जोस सबै हराएको छ। न उनी कसैको काम गर्न सक्छन् न त आफ्नो नै।

सामान्य हलचल गर्न पनि अर्कैको सहारा चाहिन्छ। सुर्खेतको लेकवेशी नगरपालिका- १, लेखफर्साका ५७ वर्षिय चक्रबहादुर रानाको जीबन एक्कासी फेरियो। वनको पाले रहेका उनी २०७७ साल मंशीर २७ गते वनमा हेरफेर गरेर फर्किने बेला घरमा घाँस लैजाने भन्दै रुखमा चढे। आधा घाँस काट्दा काट्दै एक्कासी उनी रुखबाट खसे। उनले धेरै हारगुहार गरे तर सुनसान जंगलमा कसैले सुनेन। खसेको करिब ५/६ घण्टापछि मात्रै उनलाई परिवार र छिमेकीले खोजी गर्ने क्रममा भेट्टाए। उपचारका लागि नेपालगञ्ज पुऱ्याए।

करिब एक महिनाको उपचारपछि उनी निको त भए तर हातखुट्टा नचल्ने भए। सामान्य खेती किसानी गरेर पेट पाल्दै आएको परिवारको मुलीको अवस्था त्यस्तो भएपछि श्रीमती पुर्णकलालाई निकै सकस भएको छ। 'धेरै समयसम्म थेरापी गरिरहन पनि हाम्रो अवस्थाले सकेन,' उनले भनिन्, 'यीनको उपचारका लागि जग्गा पनि बेचैं, ६ लाखभन्दा बढी उपचारमै खर्च भयो।' खर्च जति भएपनि काम गर्न सक्ने भएको भए आफ्नो चित्त बुझ्ने उनको भनाइ छ।



कर्णालीमा किसानहरुलाई घाँसका लागि ठूला-ठूला रुख र भीर छिचोल्नुपर्ने बाध्यता कुनै नौलो होइन। गत वर्ष भीरमा घाँस काट्ने क्रममा कालिकोटकी २९ रुपकली विक घाईते भइन्। उनी भीरबाट खस्नेबित्तिकै कसैले देखेन। लामो समय छट्पटिएकी उनलाई बाटो हिँड्ने मानिसहरुले देखेर उद्दार गरे। परिवारले उपचारका लागि प्रदेश अस्पताल सुर्खेत ल्यायो। उनको ढाड भाँचियो। उनको मेरुदण्डको अपरेशन गर्नुपऱ्यो। उनी बाँचिन् तर पेटमा रहेको पाँच महिनाको बच्चाको जीबन सकियो। 'घर नजिक घाँस हुँदैन,' उनले भनिन्, 'राम्रो घाँस खोज्न टाढा टाढाको वनमा जानुपर्छ।' अहिले रुपकली अपाङ्गता भएर बाँचेकी छिन्।

घाँस काट्ने क्रममा लडेर घाईते भएर जीबन जिउन गाह्रो भएका चक्रबहादुर र रुपकली एक प्रतिनिधि पात्र मात्रै हुन्। भीरबाट लडेर मृत्यु भएकाहरुको तथ्यांक पनि सोच्न बाध्य बनाउने छ। कर्णालीमा चालु आर्थिक वर्षको साउनदेखि यता मात्रै पनि ८ जनाको मृत्यु भइसकेको छ। प्रदेश प्रहरीको तथ्यांकअनुसार कर्णालीमा भिर/बाटो/सडक र रुखबाट लडेर चालु आर्थिक वर्ष २०८३/०८४ मा हालसम्म १७ जना घाइते भएका छन्। यो अवधिमा जाजरकोटमा एक बालकसहित तीन जना, सुर्खेत, दैलेख, सल्यान, कालिकोट र डोल्पामा एक/एक जनाको मृत्यु भएको छ। घाइतेतर्फ जाजरकोटमा ६, सल्यानमा ५, रुकुम पश्चिममा ३ तथा सुर्खेत, दैलेख र कालिकोटमा एक/एक जना छन्।

**रूख, भीर, सडक/बाटोबाट खसेर मृत्यु तथा घाईते भएको संख्या**

| आर्थिक वर्ष | जम्मा मृत्यु | जम्मा घाईते |
|---|---|---|
| आव ०७७/०७८ | ४९ जना | १ जना |
| आव ०७८/०७९ | २७ जना | १६ जना |
| आव ०७९/०८० | ५४ जना | ५६ जना |
| आव ०८०/०८१ | ७३ जना | ११७ जना |
| आव ०८१/०८२ | ५९ जना | १६९ जना |
| आव ०८२/०८३ | ३० जना | ७२ जना |
| आव ०८३/०८४ | ८ जना | १७ जना |

*स्रोतः कर्णाली प्रदेश प्रहरी कार्यालय, सुर्खेत।*

प्रदेश प्रहरी कार्यालयका प्रवक्ता सन्तोषसिंह राठौरका अनुसार आव २०७७/०७८ देखि २०८२/०८३ सम्मका सात आर्थिक वर्षमा कर्णालीमा भिर, बाटो, सडक र रुखबाट लडेर २ ९२ जनाको मृत्यु भएको प्रहरी तथ्यांक छ। यही अवधिमा ४३१ जना घाइते भएका छन् भने चार जना बेपत्ता भएका छन्। चालु आर्थिक वर्षको हालसम्मको तथ्यांकसमेत जोड्दा मृत्यु हुनेको संख्या ३०० र घाइते हुनेको संख्या ४४८ पुगेको छ।

तथ्यांकले आर्थिक वर्ष २०८०/०८१ र २०८१/०८२ लाई अझ जोखिमपूर्ण देखाउँछ। २०८०/०८१ मा मात्रै ७३ जनाको मृत्यु र ११७ जना घाइते भएका थिए। त्यसको अर्को वर्ष मृत्यु केही घटेर ५९ जनामा पुगे पनि घाइतेको संख्या भने १६९ पुग्यो, जुन पछिल्ला वर्षहरुमध्येकै सबैभन्दा धेरै हो।

जिल्लागत तथ्यांक हेर्दा मृत्युको संख्या सल्यानमा सबैभन्दा बढी देखिन्छ। २०७७/०७८ देखि चालु आर्थिक वर्षको हालसम्म सल्यानमा मात्रै ५१ जनाको मृत्यु भएको छ। त्यसपछि जाजरकोट र कालिकोटमा ४२/४२, रुकुम पश्चिममा ३८, सुर्खेतमा ३६ र दैलेखमा ३५ जनाको मृत्यु भएको देखिन्छ। घाइतेको संख्या भने रुकुम पश्चिममा सबैभन्दा बाँकी पृष्ठ ४

# एउटा मन्त्रालयको महाशाखा अर्कोमा सार्दै सरकार



❐ काँक्रेविहार संवाददाता

काठमाडौं, १५ असोज

सरकारले ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय र कृषि, वन तथा पर्यावरण मन्त्रालयका केही विभाग र शाखाहरू हेरफेर गर्ने भएको छ।

मन्त्रालयगत कामको समन्वयमा असहज भएपछि ती शाखा र विभागलाई साटफेर गर्न लागेको हो।

प्रधानमन्त्री कार्यालय स्रोतका अनुसार ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयको एउटा विभाग भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयमा सार्न लागिएको छ।

स्रोतले उल्लेख गरेअनुसार उक्त मन्त्रालयको सिँचाइ विभागलाई भौतिक पूर्वाधार मन्त्रालयमा सार्न खोजिएको छ। सिँचाइको काम अधिकांश पूर्वाधारसँग जोडिएका कारण भौतिक पूर्वाधार मन्त्रालयमा सार्न खोजिएको हो।

त्यसैगरी, कृषि मन्त्रालयको एक महाशाखा पनि सार्न खोजिएको छ। उक्त मन्त्रालयमा रहेको जलवायु परिवर्तन महाशाखालाई ऊर्जा मन्त्रालयमा सार्न खोजिएको छ।

# बहुविवाह गर्ने र विदेशको पीआर लिनेले अब निजामती सेवामा प्रवेश नपाउने



❐ काँक्रेविहार संवाददाता

काठमाडौं, १५ असोज

सरकारले सङ्घीय संसद्मा दर्ता गराएको 'सङ्घीय निजामती सेवाको गठन, सञ्चालन र सेवाका सर्तसम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक' मा बहुविवाह गर्ने र विदेशको पीआर लिनेले अब निजामती सेवामा प्रवेश नपाउने व्यवस्था प्रस्ताव गरेको छ। विधेयकको दफा १८ मा उम्मेदवार हुनका लागि आवश्यक योग्यता र अयोग्यतासम्बन्धी व्यवस्था गरिएको छ।

विधेयकको दफा १८ (२) (क) र (ग) मा निजामती सेवामा प्रवेशका लागि अयोग्य मानिने व्यक्तिहरूको सूचीमा 'बहुविवाह' गर्ने व्यक्ति र 'विदेशी मुलुकको स्थायी आवासीय अनुमति (पीआर) वा ग्रीन कार्ड' लिएका व्यक्तिहरूलाई समावेश गरिएको छ।

यो प्रावधानसँगै अब निजामती सेवामा प्रवेश गर्न चाहने कुनै पनि नेपाली नागरिकले बहुविवाह गरेको वा विदेशी स्थायी आवासीय अनुमति पत्र लिएको अवस्थामा उम्मेदवार हुन पाउने छैनन्। विधेयकले बहुविवाह र पीआर र ग्रिन कार्ड लिने बाहेकका गम्भीर फौजदारी कसुरमा संलग्न व्यक्तिहरूलाई पनि निजामती सेवाका लागि अयोग्य ठहऱ्याएको छ।

विधेयकअनुसार देहायका कसुरमा अदालतबाट कसुरदार ठहरिएका व्यक्तिहरूले निजामती सेवामा प्रवेश बाँकी पृष्ठ ३

# दसैं-तिहार नजिकिँदै, चङ्गा पसलमा बढ्यो चहलपहल



❐ फुलमाया रावत

वीरेन्द्रनगर, १५ असोज

हिन्दुहरूको महान् चाड बडादसैं नजिकिएसँगै कर्णाली प्रदेश राजधानी वीरेन्द्रनगरसँगै देशभर चङ्गा, लट्टा र धागोको कारोबार बढ्न थालेको छ।

दसैंको लामो बिदामा रमाइलो गर्ने क्रममा पिङ खेल्ने तथा चङ्गा उडाउने पुरानो परम्परा रहेकाले चङ्गा र लट्टाको व्यापार बढेको व्यापारीहरू बताउँछन्।

असन क्षेत्रमा अहिले विभिन्न आकार र प्रकारका चङ्गा बिक्रीमा राखिएका छन्। व्यापारीका अनुसार चङ्गाको मूल्य पाँच रुपियाँदेखि सय रुपियाँसम्म पर्छ भने धागो र लट्टाको मूल्य सय रुपियाँदेखि तीन हजार रुपियाँसम्म रहेको छ। दसैं नजिकिँदै जाँदा चङ्गा र लट्टाको माग अझै बढ्ने अपेक्षा व्यापारीहरूको छ।

# सेप्टेम्बरमा भित्रिए ८८ हजार २४८ पर्यटक

❐ काँक्रेविहार संवाददाता

काठमाडौं, १५ असोज

नेपालमा पर्यटकको आवगमन बढेको छ।

नेपाल पर्यटन बोर्डले अध्ययागन विभागबाट प्राप्त तथ्यांकअनुसार २०२५ को सेप्टेम्बरको तुलनामा २०२६ को सेप्टेम्बरमा पर्यटकको आवगमन १२.१ प्रतिशतले बढेको छ। २०२५ को सेप्टेम्बर ७८ हजार ७११ जना पर्यटक नेपाल आएका थिए भने २०२६ को सेप्टेम्बरमा ८८ हजार २४८ पर्यटक आएको बोर्डको तथ्यांकमा देखिन्छ। समीक्षा अवधिमा पर्यटकहरुको आवगमन ९ हजार ५३७ जनाले बढेको देखिन्छ। नेपालमा सबैभन्दा धेरै पर्यटक



भारतबाट आएका छन्। सेप्टेम्बरमा भारतबाट १७ हजार ४२५ जना नेपाल घुम्न आएका छन्। नेपाल आउने कुल पर्यटकमध्ये भारतीयको हिस्सा १९.७५ छ। दोस्रो स्थानमा चीन रहेको छ। चीनबाट ११ हजार २१२ जना पर्यटक आएका छन्। यो कुल पर्यटकमध्येको १२.७१ प्रतिशत हो। ८ हजार २ ९९ जना सहित अमेरिका तेस्रो स्थानमा छ। यो नेपाल घुम्न आउने पर्यटकमध्येको ९.४० प्रतिशत हो। क्षेत्रगत रुपमा हेर्दा सबैभन्दा धेरै दक्षिण एसियाबाट आएका छन्। सेप्टेम्बरमा दक्षिण एसियाबाट ३० हजार ८५ जना आएका छन्। यस्तै एसियाबाट १९ हजार ८८८ जना, युरोपबाट १५ हजार १४८ जना, ओसिनियाबाट ५ हजार ४२२, दक्षिण र उत्तर अमेरिकाबाट १० हजार १०७ जना, मध्यपूर्वबाट २ हजार ६०६ जना, अफ्रिकाबाट ४२४ जना र अन्य क्षेत्रबाट ४ हजार ५६८ जना नेपाल घुम्न आएका छन्।

सम्पादकीय

# बालबालिकाको वर्तमान, कर्णालीको भविष्य

कर्णालीका ९६.२ प्रतिशत बालबालिका कम्तीमा एउटा आधारभूत आवश्यकताबाट वञ्चित छन् भन्ने तथ्यांक सामान्य होइन । यो कर्णालीको विकासको वर्तमान अवस्था र भविष्यको दिशाबारे गम्भीर प्रश्न हो । राष्ट्रिय तथ्यांक कार्यालय र युनिसेफ नेपालको अध्ययनअनुसार कर्णालीमा दुई वा दुईभन्दा बढी आयाममा वञ्चित बालबालिकाको अनुपात ७२.५ प्रतिशत छ । तीन वा सोभन्दा बढी आयाममा वञ्चित बालबालिकाको अनुपात २९.९ प्रतिशत छ । यसले बालबालिकाको जीवनमा एउटा मात्र समस्या नभई एकपछि अर्को अभाव जोडिँदै गएको देखाउँछ । सबैभन्दा ठूलो चिन्ता सुरक्षित र पर्याप्त आवासको अभाव हो । कर्णालीका ८७.६ प्रतिशत बालबालिका आवासीय सुविधाबाट वञ्चित छन् । त्यस्तै ५६.८ प्रतिशत सूचना तथा सञ्चार, ५३.६ प्रतिशत पोषण, २५.४ प्रतिशत सरसफाइ, १४.९ प्रतिशत स्वास्थ्य र १३.३ प्रतिशत शिक्षा क्षेत्रमा वञ्चित छन् । बालबालिकाको जीवनमा यी आवश्यकता एकअर्कासँग जोडिएका हुन्छन् । सुरक्षित आवास नहुँदा स्वास्थ्य र शिक्षामा असर पर्न सक्छ । पर्याप्त पोषण नहुँदा सिकाइ र शारीरिक विकास प्रभावित हुन सक्छ । सूचना तथा सञ्चारमा पहुँच नहुँदा अवसर र ज्ञानको पहुँच पनि सीमित हुन्छ ।

यद्यपि तस्वीर पूर्ण रूपमा निराशाजनक छैन । पछिल्लो एक दशकमा सुरक्षित खानेपानी, सरसफाइ, विद्युत् तथा स्वास्थ्य सेवामा बालबालिकाको पहुँचमा उल्लेखनीय सुधार भएको तथ्यांकले देखाएको छ । यसले राज्यका लगानी र सार्वजनिक कार्यक्रमले परिणाम दिन सक्छन् भन्ने प्रमाणित गर्छ । समस्या अब उपलब्धि भएको क्षेत्रलाई निरन्तरता दिँदै पछाडि परेका क्षेत्रमा केन्द्रित हस्तक्षेप गर्न नसक्नु हो । विशेषतः आवास, पोषण र सूचना तथा सञ्चारलाई कर्णालीको बाल विकास नीतिको प्राथमिकतामा राख्न आवश्यक छ । गरिब परिवारका बालबालिका र कम शिक्षित परिवारबाट आएका बालबालिका बढी वञ्चित हुने तथ्यांकले सामाजिक तथा आर्थिक असमानताको प्रभाव पनि स्पष्ट देखाएको छ । त्यसैले सबै बालबालिकालाई एउटै किसिमको कार्यक्रमभन्दा आवश्यकता र जोखिमका आधारमा लक्षित कार्यक्रम आवश्यक छन् ।

बालबालिकामा गरिने लगानी तत्काल राजनीतिक लाभ दिने विषय नहुन सक्छ । तर यही लगानीले कर्णालीको भावी जनशक्ति, स्वास्थ्य, उत्पादकत्व र सामाजिक विकास निर्धारण गर्छ । त्यसैले विकासको मापन सडक र भवनको संख्याले मात्र होइन, बालबालिकाले कस्तो घरमा बसिरहेका छन्, कस्तो खाना पाइरहेका छन्, विद्यालयमा कस्तो पहुँच छ र आवश्यक सूचना तथा सेवाबाट कति जोडिएका छन् भन्ने आधारमा पनि हुनुपर्छ । कर्णालीका बालबालिकाको अवस्था सुधार्नु कुनै एउटा मन्त्रालय वा तहको सरकारको मात्र जिम्मेवारी होइन । प्रदेश र स्थानीय सरकारका योजना, बजेट र कार्यक्रमले बालबालिकाका वास्तविक अभावलाई केन्द्रमा राख्नुपर्छ । अहिलेको तथ्यांकलाई अर्को प्रतिवेदनमा दोहोऱ्याउने विषय नबनाई त्यसैलाई नीति र बजेट परिवर्तनको आधार बनाउनु आवश्यक छ ।

# सपनाको उडान, काठको बाकसमा अवसान



✍ रामहरि कार्की

बिहानै त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको वरिपरि चहलपहल सुरु हुन्छ । कसैको हातमा पासपोर्ट छ । कसैको हातमा टिकट । कसैको आँखामा उत्साह छ । कसैको आँखामा डर । कोही पहिलोपटक विमान चढ्दैछन् । कोही वर्षौंदेखि विदेश आउजाउ गरिरहेका छन् । आफन्तहरू विमानस्थलको गेटसम्म पुग्छन् । आमाले छोरालाई अँगालो हाल्छिन् । बुबाले काँध थपथपाउँछन् । श्रीमतीले धेरै कुरा भन्न खोज्छिन् । तर आवाज निस्कँदैन ।

छोराछोरीले बाबुलाई हेर्छन् । बाबु भन्छन्– 'चाँडै फर्किन्छु ।' कोही भन्छन्– 'अब दुई वर्ष दुःख गर्छु । ऋण तिर्छु ।' कसैले घर बनाउने सपना देख्छ । कसैले छोराछोरीलाई राम्रो स्कूलमा पढाउने सपना । कसैले आमाको औषधीमूलो गर्ने सपना । कसैले गाउँको फुसको घरलाई पक्की बनाउने सपना । यी सपना बोकेर नेपाली युवा विमान चढ्छन् । तर सबै सपना पूरा हुँदैनन् । कहिलेकाहीँ त्यही विमानस्थलमा अर्को दृश्य देखिन्छ आकाशबाट विमान आउँछ । तर विमानबाट यात्रु झर्दैनन् । एउटा काठको बाकस बाहिर ल्याइन्छ । त्यो बाकसभित्र एउटा नेपाली हुन्छ । कुनै घरको छोरा । कुनै परिवारको श्रीमान् । कुनै बालकको बाबु । कुनै आमाको बुढेसकालको सहारा । विदेश जाँदा जीवित गएको मानिस, फर्किँदा बाकसमा बेरिएर आउँछ । यही हो, नेपाली वैदेशिक रोजगारीको सबैभन्दा पीडादायी पाटो ।

**लाखौँको एउटै गन्तव्य**

नेपालबाट वैदेशिक रोजगारीमा जानेको सङ्ख्या हरेक वर्ष ठुलो छ । वैदेशिक रोजगार विभागको तथ्याङ्कले यसको आकार देखाउँछ । आर्थिक वर्ष २०७८/७९ मा ६ लाख ३० हजार ९० जना श्रमिकले श्रम स्वीकृति लिएर विदेश गए । २०७९/८० मा सङ्ख्या बढ्यो । त्यो वर्ष ७ लाख ७१ हजार ३२७ जना विदेश गए । २०८०/८१ मा ७ लाख ४१ हजार २९७ जना पुगे । २०८१/८२ मा नयाँ रेकर्ड बन्यो । ८ लाख ३९ हजार २६६ जना श्रम स्वीकृति लिएर विदेश गए । आर्थिक वर्ष २०८२/८३ मा ७ लाख ९२ हजार १८७ जना विदेशिए । यी संख्या नयाँ र पुनः श्रम स्वीकृति लिने दुवैलाई समेट्छन् । संख्या ठुलो छ । तर संख्याभित्रका कथा अझै ठूला छन् । हरेक व्यक्तिको पछाडि एउटा परिवार छ । एउटा घर छ । एउटा सपना छ । एउटा बाध्यता छ । कसैको विदेश जाने निर्णय खुशीको हो । कसैको बाध्यता । कसैका लागि विदेश अवसर हो । कसैका लागि अन्तिम विकल्प ।

गत आव २०८२/८३ लाई महिनाअनुसार हेर्दा विदेशिनेको लहर रोकिएको देखिँदैन । साउनमा ६८ हजार ११० जना विदेश गए । भदौमा ६७ हजार ९७२ । असोजमा ६४ हजार ६३४ । कात्तिकमा ७३ हजार ९४ । मङ्सिरमा ६५ हजार ७०५ । पुसमा ६२ हजार ५५९ । माघमा ७० हजार ५०३ । फागुनमा ५२ हजार ९४४ । चैतमा ६१ हजार ८१९ । वैशाखमा ७४ हजार ४२९ । जेठमा ६१ हजार ७२ । असारमा ६९ हजार ३६२ । वर्षभरिमा जम्मा ७ लाख ९२ हजार १८७ ।

अर्थात् हरेक दिन ठुलो सङ्ख्यामा नेपाली श्रमका लागि देश छाडिरहेका छन् । विमानस्थलमा लाइन लाग्छ । म्यानपावर कम्पनीमा भीड लाग्छ । स्वास्थ्य परीक्षणका लागि अस्पतालमा भीड हुन्छ । पासपोर्ट कार्यालयमा भीड हुन्छ । भिसा लागेपछि परिवारमा खुसी हुन्छ । तर त्यही खुसीभित्र एउटा डर पनि लुकेको हुन्छ । 'सकुशल फर्केला ?' यो प्रश्न विदेश जाने हरेक परिवारको मनमा हुन्छ । नेपालमा वैदेशिक रोजगारीलाई प्रायः व्यक्तिगत निर्णयका रूपमा हेरिन्छ । तर यो निर्णयको अर्थ सामाजिक कारण पनि त्यति नै छ । गाउँमा काम छैन । खेतीबाट पर्याप्त आम्दानी छैन । सहरमा स्थायी रोजगारी पाउन कठिन छ । व्यवसाय गर्न मनग्य पूँजी छैन । घर चलाउन पैसा चाहिन्छ । छोराछोरी पढाउन खर्च लाग्छ । बिरामी पर्दा उपचार महँगो हुन्छ । ऋण तिर्नुपर्छ । त्यसपछि विदेशको बाटो खुल्छ । विदेशमा कम्तीमा केही वर्ष काम गरेर पैसा कमाउने आशा गरिन्छ । देशभित्र पर्याप्त रोजगारीको अवसर नहुँदा ठुलो संख्यामा युवा विदेशिएको तथ्याङ्कले देखाउँछ ।

**तराईका चार जिल्लामा विदेशिनेको संख्या ठुलो**

विदेश जानेको लहर सबै जिल्लामा समान छैन । तराईका जिल्लामा यसको प्रभाव अझ ठुलो देखिन्छ । आव २०८२/८३ मा धनुषाबाट ३८ हजार ५५३ जना विदेश गएको तथ्याङ्क छ । झापाबाट ३५ हजार १२४ । मोरङबाट ३१ हजार ९९० । सिरहाबाट ३० हजार २११ ।

यी जिल्लाका धेरै गाउँमा विदेश जाने घर भेटिन्छन् । कुनै घरमा दुई भाइ विदेशमा छन् । कुनै घरमा बाबु र छोरा दुवै विदेशमा छन् । कुनै घरमा श्रीमान् विदेशमा छन् । घरमा पत्नी र बच्चा छन् । कुनै घरमा वृद्ध आमाबुबा मात्रै छन् । विदेशबाट आएको पैसाले घर चल्छ । तर घरको एउटा कुर्सी खाली हुन्छ । खाना खाने बेला एउटा थाल कम हुन्छ । चाडपर्वमा एउटा अनुहार छुट्छ । यही हो, वैदेशिक रोजगारी भित्रको भित्री कथा ।

नेपाल सरकारको तथ्यांकले भन्छ नेपाली श्रमिकका परम्परागत गन्तव्य खाडी मुलुक हुन् । तर गन्तव्य विस्तार हुँदैछ । आव २०८२/८३ को तथ्याङ्कअनुसार यूएईमा १ लाख ८३ हजार ५८० जना पुगे । मलेसियामा १ लाख ३२ हजार ६४६ । कतारमा १ लाख ३२ हजार ५१ । साउदी अरबमा १ लाख २४ हजार ५८३ । रोमानियामा पनि ३३ हजार ९२० नेपाली पुगे ।

यूएई अहिले नेपालीका लागि ठुलो श्रम गन्तव्य बनेको छ । मलेसिया र कतारमा पनि नेपालीको सङ्ख्या ठुलो छ । साउदी अरबमा पनि हजारौं नेपाली काम गरिरहेका छन् । युरोपतर्फ जानेको सङ्ख्या बढिरहेको छ । युवाको चाहना बदलिँदैछ । गन्तव्य बदलिँदैछ । तर विदेशिनुपर्ने कारण भने धेरैका लागि उस्तै छन् ।

**सीप सिकेर जानू**

वैदेशिक रोजगारीमा जाने युवालाई सरकारले सीप सिकेर जान आग्रह गर्दै आएको छ । सीप भएको श्रमिकले राम्रो काम पाउने सम्भावना बढी हुन्छ । आम्दानी पनि तुलनात्मक रूपमा बढी हुन सक्छ । आव २०८२/८३ मा विदेश जानेमध्ये ४ लाख ८२ हजार ६४३ जना दक्ष श्रमिक थिए । १ लाख ९० हजार २६४ जना अदक्ष थिए । १ लाख १४ हजार ६१४ जना अर्धदक्ष थिए । व्यावसायिक ३ हजार ५७० । उच्च दक्ष १ हजार ९६ ।

दक्ष कामदारको सङ्ख्या ठुलो देखिए पनि अदक्ष र अर्धदक्ष कामदारको सङ्ख्या अझै उल्लेख्य छ । यसले अर्को प्रश्न जन्माउँछ । विदेश पठाउनुअघि नेपालमै सीप सिकाउने पर्याप्त व्यवस्था छ ? युवालाई राम्रो रोजगारीका लागि तयार पार्न सकिएको छ ? उनीहरूले पाउने पारिश्रमिक उनीहरूको श्रमअनुसार छ ? यी प्रश्नको उत्तर खोज्नु पनि वैदेशिक रोजगारीको बहसको विषय हो ।

**विदेश जाने सबै फर्किँदैनन्**

विदेश जानेको संख्या ठुलो छ । तर विदेशमै मृत्यु हुने नेपालीको संख्या पनि सानो छैन । वैदेशिक रोजगार बोर्डको तथ्याङ्कअनुसार आर्थिक वर्ष २०७८/७९ मा १ हजार ४७९ नेपाली श्रमिकको शव नेपाल ल्याइयो । २०७९/८० मा १ हजार २०८ । २०८०/८१ मा १ हजार ३४६ । २०८१/८२ मा १ हजार ५१७ । २०८२/८३ मा १ हजार ६१९ । पाँच आर्थिक वर्षमा जम्मा ७ हजार १६९ वटा शव नेपाल ल्याइएको देखिन्छ । यो सङ्ख्या पढ्दा एक क्षण टक्क रोकिनुपर्छ । ७ हजार १६९ । यो अङ्क मात्र होइन । ७ हजार १६९ परिवार । ७ हजार १६९ घर । ७ हजार १६९ अधुरा सपना । ७ हजार १६९ शोक । कुनै परिवारमा आमा रोइन् । कुनै परिवारमा श्रीमती । कुनै परिवारमा साना छोराछोरी । कुनै परिवारमा बूढा बाबुआमा ।

विदेशबाट शव आउने दिन परिवारका लागि सबैभन्दा लामो दिन हुन सक्छ । विमानस्थलमा आफन्तहरू जम्मा हुन्छन् । कसैको हातमा कागज हुन्छ । कसैको हातमा मोबाइल । कसैले फोन गरिरहेको हुन्छ । कसैले चुपचाप आँसु पुछिरहेका हुन्छन् । शव निकालिन्छ । बाकस देखिन्छ । त्यहाँ कुनै आवाज हुँदैन । अघिल्लो दिनसम्म फोनमा बोलेको मानिस । अब बाकसभित्र हुन्छ । 'घर फर्किन्छु' भन्ने सपना लिएर गएको थियो तर फर्किँदा बोल्न सक्दैन । परिवारले अन्तिमपटक अनुहार हेर्छ । कसैले टाउकोमा हात राख्छ । कसैले छाती पिट्छ । कसैले विश्वास गर्न सक्दैन । कहिलेकाहीँ मृत्युको कारण पनि परिवारका लागि स्पष्ट हुँदैन । कामको अवस्था कस्तो थियो ? स्वास्थ्य अवस्था कस्तो थियो ? समयमै उपचार पायो कि पाएन ? सुरक्षित आवास थियो कि थिएन ? काम गर्ने ठाउँ कति सुरक्षित थियो ? यी प्रश्न शवसँगै घर आइपुग्छन् । तर धेरै प्रश्नको उत्तर कहिल्यै आउँदैन ।

**जनसांख्यिक लाभ र विदेशिने युवा**

नेपाल अहिले जनसांख्यिक लाभको अवस्थामा छ । २०७८ को राष्ट्रिय जनगणनाअनुसार १५ देखि ५९ वर्ष उमेर समूहका मानिस कुल जनसंख्याको करिब ६२ प्रतिशत छन् । यो उमेर समूह देशका लागि उत्पादनशील जनशक्ति हो । काम गर्न सक्ने उमेर । उत्पादन गर्न सक्ने उमेर । उद्यम गर्न सक्ने उमेर । कर तिर्न सक्ने उमेर । समाज र अर्थतन्त्र चलाउन सक्ने उमेर । तर यही समूहको ठुलो हिस्सा विदेशमा छ । यसले नेपालको गाउँ बदलिरहेको छ । खेतमा काम गर्ने हात कम भएका छन् । गाउँमा वृद्धवृद्धाको संख्या बढेको छ ।

बालबालिका हजुरबा-हजुरआमासँग बसिरहेका छन् । युवा भने कतारमा छन् । मलेसियामा छन् । यूएईमा छन् । साउदीमा छन् । युरोपमा छन् । यो अवस्थालाई कसरी बुझ्ने ? विदेशमा कमाएको पैसाले देशको अर्थतन्त्र चल्छ । तर देशभित्र काम गर्ने युवा कम हुँदैछन् । यही विरोधाभास नेपालको वैदेशिक रोजगारीको सबैभन्दा ठुलो प्रश्न हो ।

धेरै युवाको मनमा एउटै प्रश्न छ- यहाँ काम कहाँ छ ? कमाइ कति हुन्छ ? भविष्य के छ ? ऋण कसरी तिर्ने ? परिवार कसरी पाल्ने ? त्यसपछि उनीहरूले विदेशको बाटो रोज्छन् । विदेशमा जोखिम छ । तर नेपालमा अवसर नदेख्दा जोखिम पनि स्वीकार्न तयार हुन्छन् । युवाका लागि विदेश रोजाइ बन्नुमा यही मनोविज्ञानले काम गरेको देखिन्छ । तर विदेश पठाएर मात्र समस्या समाधान हुँदैन । देशभित्रै उत्पादन बढाउनुपर्छ । उद्यम बढाउनुपर्छ । सीप बढाउनुपर्छ । स्थायी रोजगारी बढाउनुपर्छ । श्रमको सम्मान बढाउनुपर्छ । तब मात्रै विदेश जाने निर्णय साँच्चिकै विकल्प बन्न सक्छ । बाध्यता होइन ।

चालू आव २०८३/८४ को सुरुआती दुई महिनाको तथ्याङ्कले पनि वैदेशिक रोजगारीप्रतिको निर्भरता घटेको देखाउँदैन । साउनमा ७० हजार ४४१ जनाले श्रम स्वीकृति लिए । भदौमा ६० हजार ४२ । दुई महिनामा करिब १ लाख ३० हजार नेपाली श्रमका लागि विदेशिए । यीमध्ये १ लाख १२ हजार ३१५ पुरुष र १८ हजार १६८ महिला छन् । साउनमा पुरुष ६० हजार ४७२ र महिला ९ हजार ९६९ थिए । भदौमा पुरुष ५१ हजार ८४३ र महिला ८ हजार १९९ । दुई महिनामै यति ठुलो सङ्ख्या । वर्षभरि कति पुग्ला ? यो प्रश्नको उत्तर वर्षको अन्त्यमा मात्र थाहा हुनेछ । तर सुरुआती आँकडाले एउटा कुरा देखाइसकेको छ । विदेशिने क्रम रोकिएको छैन ।

पासपोर्ट हातमा लिएर विमानस्थलतर्फ हिँड्ने युवालाई रोक्नुपर्छ भन्ने होइन । विदेश रोजगारी धेरै नेपाली परिवारका लागि आम्दानीको महत्वपूर्ण स्रोत हो । तर विदेश जानुअघि केही प्रश्न सोध्न आवश्यक छ । काम के हो ? पारिश्रमिक कति हो ? सम्झौता के छ ? बस्ने ठाउँ कस्तो छ ? बीमा छ ? कामको जोखिम कति छ ? आपतकालीन अवस्थामा कसलाई सम्पर्क गर्ने ? वैदेशिक रोजगारीमा जाने श्रमिकलाई यी विषयमा पर्याप्त जानकारी हुनु आवश्यक छ । सीप सिकेर जानु पनि उत्तिकै महत्वपूर्ण छ । कागजात बुझेर जानु । सम्झौता पढेर जानु । आफ्नो अधिकार बुझेर जानु । समस्या परे कहाँ सम्पर्क गर्ने भन्ने थाहा पाउनु । यी सामान्य कुरा जस्ता लाग्छन् । तर विदेश पुगेपछि यिनै कुरा जीवनरक्षक बन्न सक्छन् ।

**विमानस्थलका दुई दृश्य**

एउटा दृश्य सम्झौं । बिहान त्रिभुवन विमानस्थल । युवा हातमा पासपोर्ट बोकेर उभिएको छ । आमा उसलाई हेरेर मुस्कुराइरहेकी छिन् । आँखा भने रसाएका छन् । छोरा भन्छ- 'चिन्ता नगर्नू ।' आमा भन्छिन्– 'समयमा खाना खानू ।' विमान उड्छ । आमा आकाशतिर हेर्छिन् ।

अर्को दृश्य । केही वर्षपछि । त्यही विमानस्थल । आमा फेरि उभिएकी छिन् । यसपटक छोरा विमानबाट झर्दैन । काठको बाकस आउँछ । आमाको आँखामा आँसु छ । तर यो आँसु खुसीको होइन । छोरा फर्किएको छ । तर जीवित छैन । यही दुई दृश्यको बीचमा नेपाली वैदेशिक रोजगारीको कथा लुकेको छ ।

**कहिलेसम्म ?**

पाँच वर्षमा ७ हजार १६९ शव नेपाल आए । त्यही पाँच वर्षमा लाखौं नेपाली विदेशिए । विदेशबाट अर्बौं रुपैयाँ नेपाल आयो । परिवार चले । अर्थतन्त्र चल्यो । घर बने । शिक्षा चल्यो । उपभोग बढ्यो । तर विदेशमा ज्यान गुमाएका परिवारको पीडा कसरी मापन गर्ने ? कुनै तथ्याङ्कले आमाको आँसु गन्न सक्दैन । कुनै रिपोर्टले बच्चाले बाबु खोजेको क्षण मापन गर्न सक्दैन । कुनै आर्थिक हिसाबले श्रीमान् गुमाएकी महिलाको जीवनको मूल्य निर्धारण गर्न सक्दिन । त्यसैले वैदेशिक रोजगारीलाई रेमिट्यान्सको चस्माबाट मात्र हेर्नु पर्याप्त हुँदैन । यो श्रमको विषय हो । यो सुरक्षाको विषय हो । यो परिवारको विषय हो । यो सामाजिक संरचनाको विषय हो । यो नेपाल देशको भविष्यको कस्तो बनाउने भन्ने विषय हो ।

त्यसैले विदेश जानेलाई सुरक्षित बनाऔं । देशमा अवसर बढाऔं । नेपालले तत्कालै सबै युवालाई देशमै रोक्न सक्दैन । रोक्नुपर्ने कुरा पनि होइन । विदेशमा अवसर छ भने नेपाली युवाले जान पाउनुपर्छ । तर सुरक्षित रूपमा । सम्मानका साथ । उचित पारिश्रमिकमा । सीपसहित । अधिकारसहित । साथै देशभित्र पनि रोजगारीका अवसर बढाउनुपर्छ । उत्पादन बढाउनुपर्छ । उद्योग खोल्नुपर्छ । कृषिलाई व्यवसायीकरण गर्नुपर्छ । पर्यटनमा रोजगारी सिर्जना गर्नुपर्छ । सूचना प्रविधिको अवसर बढाउनुपर्छ । युवाको सीपलाई बजारसँग जोड्नुपर्छ ।

# २० वर्षपछि अमेरिकी सेना इराकबाट बाहिरियो



❒ काँक्रेविहार संवाददाता
काठमाडौं, १५ असोज

इराकमा रहेका बाँकी अमेरिकी सैनिक सेप्टेम्बर ३० सम्म फिर्ता हुने भएका छन् । यससँगै सन् २००३ मा इराकमाथि अमेरिकी आक्रमणबाट सुरु भएको अमेरिकाको दुई दशकभन्दा लामो सैन्य उपस्थिति औपचारिक रूपमा अन्त्य हुनेछ । सन् २००३ मा अमेरिकाले इराकमाथि आक्रमण गरी तत्कालीन राष्ट्रपति सद्दाम हुसेनको सरकार ढालेको थियो । त्यसपछि इराकले लामो समयसम्म विद्रोह, राजनीतिक अस्थिरता र विभिन्न धार्मिक समुदायबीचको हिंसा सामना गऱ्यो । अमेरिकी सैनिक सन् २०११ मा इराकबाट फिर्ता भएका थिए । तर इस्लामिक स्टेट (आईएस)ले इराकको ठूलो भूभाग कब्जा गरेपछि त्यसलाई पराजित गर्न सहयोग गर्ने उद्देश्यले सन् २०१४ मा अमेरिकी सैनिक पुनः इराक फर्किएका थिए । यसपटकको फिर्ती भने सन् २०२४ मा वासिङ्टन र बगदादबीच भएको सम्झौताअनुसार हुँदैछ ।

सम्झौतामा आईएसविरुद्ध अमेरिकी नेतृत्वको गठबन्धनको अभियान 'अपरेसन इन्हेरन्ट रिजोल्भ' अन्त्य गर्ने सहमति भएको थियो ।

# प्रमुख प्रशासकीय अधिकृत स्थानीय सेवाकै पद हुने, गाउँपालिकादेखि महानगरसम्म तहगत दरबन्दीको प्रस्ताव

काँक्रेविहार संवाददाता
काठमाडौं, १५ असोज

सङ्घीय निजामती सेवालाई संशोधन र एकीकरण गर्न बनेको विधेयक २०८३ ले अब प्रमुख प्रशासकीय अधिकृत स्थानीय तहकै कर्मचारी रहने व्यवस्था गरेको छ।



विधेयकको दफा ११७ र ११८ मा स्थानीय सेवाको गठन, पद संरचना तथा प्रमुख प्रशासकीय अधिकृतको नियुक्ति र कार्य सञ्चालन सम्बन्धी स्पष्ट खाका प्रस्तुत गरिएको छ।

विधेयकको दफा ११७ अनुसार प्रत्येक प्रदेशमा एउटा 'स्थानीय सेवा' रहने व्यवस्था गरिएको छ। यो ऐन प्रारम्भ हुँदाका बखत स्थानीय सेवामा बहाल रहेका कर्मचारीहरू सोही सेवाको पदमा कायम भएको मानिने र स्थानीय सेवासम्बन्धी कानुन निर्माण भई सेवा र समूह निर्धारण भएपछि कर्मचारीहरूलाई सोही अनुसार मिलान गरिने प्रबन्ध मिलाइएको छ।

स्थानीय तहको संरचना अनुसार पदहरूको अधिकतम सीमा तोक्दै महानगरपालिका र उपमहानगरपालिकामा बढीमा अधिकृत ११ औँ तह, नगरपालिकामा बढीमा अधिकृत १० औँ तह र गाउँपालिकामा बढीमा अधिकृत ८ औँ तहसम्मका पदहरू रहने व्यवस्था गरिएको छ। स्थानीय सेवाको गठन, सेवा सर्त र सञ्चालन सङ्घीय ऐनको मापदण्डको अधीनमा रही प्रदेश कानुन अनुसार हुनेछ।

प्रमुख प्रशासकीय अधिकृत स्थानीय सेवाकै पद, कर्मचारी नपुगे सङ्घीय निजामतीबाट खटाइने

विधेयकको दफा ११८ मा स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृतको पदलाई 'स्थानीय सेवा' कै पद हुने गरी परिभाषित गरिएको छ। जस अनुसार महानगरपालिका र उपमहानगरपालिकामा अधिकृत ११ औँ तह, नगरपालिकामा अधिकृत १० औँ तह र गाउँपालिकामा अधिकृत ८ औँ तहका प्रशासन सेवाका कर्मचारी प्रमुख प्रशासकीय अधिकृतका रूपमा रहनेछन्।

यदि तोकिएको तहका कर्मचारी उपलब्ध नभएको अवस्थामा एक तह मुनिको पदमा कम्तीमा तीन वर्ष सेवा अवधि पुरा गरेको कर्मचारीलाई प्रमुख प्रशासकीय अधिकृत बनाउन सकिनेछ।

स्थानीय सेवाबाट कर्मचारी पदपूर्ति नभएसम्मका लागि नेपाल सरकारले सङ्घीय निजामती सेवाका कर्मचारीलाई मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमार्फत खटाउन सक्नेछ।

यसरी खटाइएका कर्मचारीलाई मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले १० दिनभित्र स्वीकृत दरबन्दी अनुसार रिक्त स्थानीय तहमा खटाउनुपर्ने दायित्व तोकिएको छ।

यदि सरकारले कर्मचारी खटाउन नसकेको अवस्थामा सम्बन्धित स्थानीय तहमा कार्यरत वरिष्ठतम कर्मचारीले प्रमुख प्रशासकीय अधिकृतको रूपमा कामकाज गर्नेछन्। यसका साथै खटिएका प्रमुख प्रशासकीय अधिकृतको कार्यसम्पादन मूल्याङ्कन प्रदेशका मुख्य सचिव र सचिवमार्फत हुने व्यवस्था समेत विधेयकले गरेको छ।

# हुम्लामा फलेका 'गोल्डेन स्याउ' टिप्न प्राविधिकको सुझाव



काँक्रेविहार संवाददाता
हुम्ला, १५ असोज

हिमाली जिल्ला हुम्लाबाट केही ढिलो गरी पाक्ने गोल्डेन स्याउ टिप्न योग्य भएको कृषि प्राविधिकहरूले सुझाव दिनुभएको छ।

स्याउ बगैँचामा पुगेर कृषि प्राबिधिकबाट स्याउको रसिलोपनाको 'रिफ्याक्टो' मिटरले चेकजाँच गर्दा टिप्नका लागि योग्य भएको पुष्टि गर्नुभएको हो।

सिमकोट गाउँपालिका- ५ को सिम क्षेत्रमा लगाएको स्याउ बगैँचामा फलेको गोल्डेन स्याउ टिप्न र बिक्री गर्नका लागि योग्य भएको कृषि विकास कार्यालयका प्रमुख चुणामणी पन्तले बताउनुभयो।

उहाँले स्याउको रसिलोपना चेकजाँच गर्ने रिफ्याक्टो मिटरबाट चेक गर्दा टिप्नका लागि उपयुक्त देखिएको बताउनुभयो।

स्याउको रसिलोपना १२ डिग्री 'ब्रिक्स' पुगेपछि बोटबाट टिप्न उपयुक्त हुने उहाँले बताउनुभयो। उक्त स्याउ बगैँचाको गोल्डेन स्याउको रसिलोपना १३ डिग्री 'ब्रिक्स' रहेको छ। अब गोल्डेन स्याउ टिप्नका लागि उपयुक्त भएको र किसानले टिपेर बिक्री गर्दा कुनै फरक नपर्ने भनाई उहाँको छ।

हुम्लामा स्याउको मूल्य प्रति केजी एक ग्रेडको प्रति केजी ६० रुपियाँ, बी ग्रेडको प्रति केजी ५० रुपियाँ र सी ग्रेडको प्रति केजी ४० रुपियाँ मूल्य निर्धारण गरेको छ।

उक्त बगैँचामा फलेको रेड डेलिसियस स्याउको रसिलोपनाको मात्र अझै टिप्नका लागि समय नपुगेको कृषि प्राविधिकको भनाइ छ।

# राष्ट्रपतिसमक्ष निर्वाचन आयोगको वार्षिक प्रतिवेदन पेश

काँक्रेविहार संवाददाता
काठमाडौं, १५ असोज

राष्ट्रपति रामचन्द्र पौडेलसमक्ष निर्वाचन आयोगका प्रमुख निर्वाचन आयुक्त मानबहादुर कार्कीले आयोगको आर्थिक वर्ष २०८२-८३ को वार्षिक प्रतिवेदन पेश गरेका छन्।



कार्यालयमा आज आयोजित कार्यक्रममा प्रमुख निर्वाचन आयुक्त कार्कीले नेपालको संविधानको धारा २९४ बमोजिम आयोगको वार्षिक प्रतिवेदन पेश गरेको सो कार्यालयका प्रवक्ता कृष्णबहादुर शाहीले जारी गरेको विज्ञप्तिमा उल्लेख छ।

## बहुविवाह...

पाउने छैनन्। विधेयकका अनुसार भ्रष्टाचार, सरकारी वा सार्वजनिक लिखत किर्ते, राष्ट्रहित विरुद्धको कसुर, लागुऔषध कारोबार, सम्पत्ति शुद्धीकरण, पुरातात्त्विक वस्तु बेचबिखन, मानव बेचबिखन, अपहरण, शरीर बन्धक, जबर्जस्ती करणी, जातीय तथा अन्य सामाजिक छुवाछूत र भेदभावसम्बन्धी कसुरमा दोषी ठहरिएका व्यक्ति निजामती सेवामा प्रवेश गर्न पाउने छैनन्।

त्यस्तै, नैतिक पतन देखिने अन्य कुनै पनि फौजदारी अभियोगमा अदालतबाट दोषी ठहरिएका व्यक्ति तथा भविष्यमा सरकारी सेवाका लागि अयोग्य ठहरिने गरी सरकारी सेवाबाट बर्खास्त भएका व्यक्तिहरूले पनि पुनः निजामती सेवामा प्रवेश गर्न पाउने छैनन्।

विधेयकमा उम्मेदवारका लागि विभिन्न उमेर हद र योग्यता पनि तोकिएको छ। राजपत्र अनङ्कित पदका लागि १८ वर्ष र राजपत्राङ्कित पदका लागि २१ वर्ष उमेर पूरा भएको हुनुपर्ने व्यवस्था गरिएको छ।

सामान्यतः पुरुषका हकमा ३५ वर्ष र महिलाका हकमा ४० वर्ष उमेर ननाघेको हुनुपर्ने व्यवस्था गरिएको छ। तर, पूर्व सैनिक वा प्रहरीका लागि ४० वर्ष, अधिकृत नवौँ र एघारौँ तहका लागि ४५ वर्ष, तथा अपाङ्गता भएका व्यक्तिका लागि ४० वर्षसम्म उमेर हदको छुट दिइएको छ।

पहिले नै सरकारी सेवामा बहाल रहेका स्थायी कर्मचारीहरू तथा प्रदेश वा स्थानीय तहमा समायोजन भएका वा सिफारिस भएका कर्मचारीहरूका लागि भने उमेरको हद नलाग्ने व्यवस्था विधेयकमा गरिएको छ।

# नेपालमा पहिलोपटक एक्सटेपको १० किलो मिटर दौड आयोजना



काँक्रेविहार संवाददाता
काठमाडौं, १५ असोज

चिनियाँ खेल सामग्री ब्रान्ड एक्सटेपले नेपालमा पहिलोपटक १० किलोमिटर दौड आयोजना गरेको छ। काठमाडौंको चक्रपथस्थित एक्सटेपको शोरुमबाट सुरु भएको दौड बूढानीलकण्ठ मन्दिर परिक्रमा गरी पुनः सोही स्थानमा पुगेर सम्पन्न भएको हो।

स्वास्थ्य, फिटनेस तथा खेलकुदलाई प्रोत्साहन गर्ने उद्देश्यले आयोजित दौडमा महिला तथा पुरुषको सहभागिता रहेको आयोजकले जनाएका छन्। दौडमा सहभागी सबैलाई एक्सटेपका तर्फबाट पदक प्रदान गरिएको थियो भने विजेतालाई पदकसहित विभिन्न उपहार प्रदान गरिएको थियो।

कार्यक्रममा नेपालका म्याराथन धावक तथा पदक विजेतासँगै काठमाडौंका विभिन्न एक्सटेप शाखाका कर्मचारीको पनि सहभागिता थियो। सहभागीले एक्सटेपकै जुत्ता लगाएर १० किलोमिटर दूरी पूरा गरेका थिए। सहभागीले दौडका क्रममा जुत्ता सहज र आरामदायी लागेको प्रतिक्रिया दिएको आयोजकले जनाएका छन्।

कार्यक्रममा नेपालमा एक्सटेप भित्र्याउने गणेशमान श्रेष्ठको पनि सहभागिता थियो। उनले नेपालमा पहिलोपटक एक्सटेपको १० किलोमिटर दौड आयोजना गरिएको बताए।

चामुण्डाबिन्द्रासैनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
जम्बुकाँध, दैलेख

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(प्रकाशित मिति: २०८३/०६/१४)

यस कार्यालयको चालु आ.व. २०८३/०८४ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार मिति २०८३/०५/१८ गते वोलपत्र आह्वानको सुचना अनुसार धर्मदेव मा.वि.आयरपाटा ४ कोठे भवन निर्माण योजना चा.वि.न.पा. ४, दैलेखका लागि निम्नअनुसारको वोलपत्रको औसत अंक मुल्यानित सारभुत रूपमा प्रभावग्राही देखिएकाले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ वमोजिम सम्वन्धित सवैको जानकारीका लागि बोलपत्र स्वीकृत गर्ने आशयको सुचना प्रकाशन गरिएको व्यहोरा जानकारी गराइन्छ।

तपशिल

| क्र. सं. | ठेक्का नं. | योजनाको नाम | आशय पत्र दिएको फर्मको नाम ठेगाना | मु.अ.कर र पि.एस. सहित कवोल गरेको अंक रू | कैफियत |
|---|---|---|---|---|---|
| १ | CBM/NCB/W/01/2083/084 | धर्मदेव मा.वि. आयरपाटा ४ कोठे भवन निर्माण योजना चा.वि.न.पा.४, दैलेख | न्यु पंचकोशि विल्डर्स भैरवि गा.पा.४, दैलेख | ५२,८१,४४०/०८ | |

ललित कुमार बस्नेत
प्रमुख प्रशासकीय अधिकृत

सूचना, समाचार तथा विज्ञापनको लागि
९८५१३४४७५४ मा सम्पर्क गर्नुहोला।

डिजिटल युगको विश्वसनीय आवाज
www.kankrebihar.com

## ६ वर्षमा...

धेरै छ। सो अवधिमा रुकुम पश्चिममा ९५ जना घाइते भएका छन् भने सल्यानमा ७९ र जाजरकोटमा ६४ जना घाइते भएका छन्। तथ्यांकले भीर र रुखबाट लडेर मृत्यु हुनेमा पुरुषको संख्या बढी रहेको देखाउँ छ। सात आर्थिक वर्षमा मृत्यु भएका ३०० जनामध्ये २०४ पुरुष, ८३ महिला र १३ बालबालिका छन्।

भीरबाट लडेका महंगो उपचार खर्च तिरेर पुनर्जीबन पाउँछन् तर जीबनभर अपाङ्गता भएर बाँच्नुपर्दा निम्न आर्थिक स्तर भएकालाई थप समस्या छ। वीरेन्द्रनगरमा रहेको प्रदेश अस्पतालमा ढाड भाँचिएका बिरामीका लागि सरकारले एक लाख रुपैयाँ दिने भएकाले भीरबाट लडेका अधिकांश बिरामी आउने गरेको हाडजोर्नी, नशा, वाथरोग विशेषज्ञ एवम् ट्रमा सर्जन शुभ श्रेष्ठ बताउँछन्। 'हाम्रो हाडजोर्नी विभागमा अधिकांश बिरामी रुख तथा भीरबाट लडेर ढाड भाँचिएर, खुट्टा तथा हात भाँचिएका बिरामी आउँछन्,' उनी भन्छन्, 'दुर्गम जिल्लाका कृषक परिवारका व्यक्ति भीरबाट खसेर उपचारका लागि आउने गर्छन्।'

अर्थात् भीरबाट लड्नुको तत्कालको परिणाम चोटपटक वा मृत्यु मात्रै होइन, बाँचेका व्यक्तिको लामो समयसम्मको उपचार, पुनःस्थापना र परिवारको आम्दानी गुम्नु पनि हो। चक्रबहादुरको परिवारले उपचारमै ६ लाखभन्दा बढी खर्च गरेको घटना त्यसको उदाहरण हो। खेती किसानीमा निर्भर परिवारका लागि कमाउने मुख्य व्यक्तिले काम गर्न नसक्ने भएपछि उपचार खर्चसँगै दैनिक जीवन धान्ने चुनौती थपिन्छ।

गत वर्ष भिरबाट लडेर तिला गाउँपालिका-६ सुडी गाउँका ३५ वर्षीय जङ्गबहादुर रावतको मृत्यु भयो।

जंगलमा दाउरा काट्न गएका उनी लामो समय घर नफर्किएपछि परिवारले खोजी गर्दा शव भेटियो। सायद घर नजिकै भएको भए उनको समयमै उद्धार हुन पनि सक्थ्यो। कर्णाली प्रदेशमा भीरबाट लडेर मृत्यु र घाईते हुने अधिकांश कृषक परिवारका सदस्य छन्। बालबालिकादेखि वयस्कसम्मका कृषक परिवारका नागरिक घाँस दाउरा काट्दा, गाइवस्तु चराउन जाँदा, वस्तुभाउ चराएर वा घाँस दाउरा बोकेर घर फर्किँदा भीरबाट लडेर ज्यानै जाने जोखिम छ। कृषकका लागि घाँस काट्नै पर्ने र वस्तु भाउ चराउनैपर्ने बाध्यता हुन्छ। जुन बाध्यताले कर्णालीका भीरको जोखिमलाई समेत ख्याल गर्दैन।

राष्ट्रिय कृषि गणना २०७८ को तथ्याङ्क केलाउँदा कर्णालीमा तीन लाख दुई हजार ६ सय ४० कृषक परिवारले एक लाख १७ हजार ४ सय १० हेक्टर क्षेत्रफलमा खेती गर्छन्। कर्णाली प्रदेश योजना आयोगले २०७६ मा सार्वजनिक गरेको कर्णाली पार्श्वचित्रमा प्रदेशमा कुल क्षेत्रफलको ३८ प्रतिशत वन क्षेत्रले ढाकेको उल्लेख छ। यसबाहेक यो प्रदेशमा करिब १२.८ प्रतिशत घाँसे मैदान र ३.२ प्रतिशत झाडी रहेको छ।

कर्णालीमा १००० मिटरसम्मको उचाइमा साल, सिसौ, खयर, सिमल पर्याप्त हुने गर्दछ। जुन घाँस काट्न किसानहरु भीरको जोखिम मोल्न बाध्य छन्। यस्तै कर्णालीमा १००० देखि २००० मिटरसम्मको उचाइमा कटुस, दालचिनी, सल्लालगायत वनस्पति पाइन्छन् भने २००० देखि ३५०० मिटरका बीचमा खसुँ, ओखर, धूपी, देवदार, भोजपत्रलगायत रुख पाइन्छन्। पार्श्वचित्रअनुसार कर्णालीको ५७ प्रतिशत जमिन भिरालो छ।

कर्णाली प्रदेश सरकारले कर्णाली प्रदेशका सबै नागरिकको सामुहिक विपद् जोखिम बीमा गरेको छ तर भीरबाट लड्ने वा रुखबाट लड्नुलाई सरकारले बीमामा समेटेको छैन। रुख र भीरबाट खस्नु प्राकृतिक नभइ मानिस स्वयमले निम्त्याएको विपद् भएकाले यो बीमाभित्र नपर्ने तरसरकारले किसानलाई घाँस दाउराका लागि भीरमा जाने बाध्य नहुने गरी काम गर्नका लागि व्यवसायिक कृषिमा जोड दिइरहेको बताउँदै आएको छ।

सरकारले सामुदायिक वनमा घाँस काट्न रोक लगाएका कारण किसानहरु भीर पाखामा जानुपर्ने बाध्यता आएको सल्यानका नागरिक अगुवा मणीचन्द्र कार्की बताउँछन्। 'सामुदायिक वन कहिलेकसो मात्रै खुल्छ,' उनले भने, 'हामी टाढा टाढा वनमा जानैपर्ने हुन्छ घाँस काट्नका लागि, सामुदायिक वन मासिने गरी नकाट्न भनी केही मापदण्ड बनाउनुपर्‍यो तर घाँस दाउर कुहिरै जाने गरी रोक त लगाउन भएन नि।'

एकातर्फ कालिकोटको रास्कोटका बाबुराम श्रेष्ठ हिमाली जिल्लातिर घाँसको बीउ वितरण गरेर पनि केही नहुने बताउँछन्।

किसानले खेतीयोग्य जमिनमा घाँसको बीउ नछर्ने भन्ने उनले यतातिर सामुदायिक वन पनि भिरमै हुने तर्क गर्छन्। 'हामीले त जहाँ काटेपनि अधिकांश भीरमै घाँस काट्नुपर्छ,' उनले भने 'सरकारलाई अब भिर हटाइदे भन्न भएन तर किसानलाई भीरको जोखिम मोल्न नपर्ने गरी आयआर्जनका कार्यक्रम ल्याउन आवश्यक रहेको उनी बताउँछन्।

## गुर्भाकोट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
### शुभघाट, सुर्खेत

## सीप विकास तालिम सञ्चालनका लागि प्रस्ताव आह्वानको सूचना

*(दोस्रो पटक प्रकाशित मितिः २०८३/०६/१४)*

गुर्भाकोट नगरपालिकाको आ.व.२०८३/०८४ को उद्योग तथा व्यवसाय प्रर्वद्धन शाखाको उप-प्रमुख उद्यमशिलता तथा युवा स्वरोजगार कार्यक्रम अन्तर्गत तपसिल बमोजिमको तालीम कार्यक्रम संचालनका लागि यस नगरपालिकामा सुचिकृत भएका फर्म/कम्पनी/संघ संस्थाले प्रति सहभागी लागत अनुमान (भ्याट सहित) रकम उल्लेख भएको सिलबन्दी प्रस्तावना प्रथम पटक सूचना प्रकाशन भएको मिति सम्ममा दुई वटा फर्मबाट मात्र प्रस्ताव आव्हानको लागी आवेदन प्राप्त भएको हुदाँ पुनः सिप विकास तालीम संचालनका लागि दोस्रो पटक प्रस्ताव आव्हान सम्बन्धी सूचना प्रकाशन भएको ७ (सात) दिन भित्र कार्यालय समयमा र उक्त दिन सार्वजनिक विदा पर्न गएमा सो को भोलिपल्ट कार्यालय समयभित्र प्रस्ताव पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ।

**तपशिल**

| तलिमको नाम | सहभागी संख्या | तालिम अवधि | स्वीकृत रकम | तालिम सञ्चालन स्थान |
|---|---|---|---|---|
| हलुका सवारी चालक ड्राभिङ्ग तालिम | १० | ४५ कार्य दिन (२७० घण्टा) | ३००,०००।- (तीन लाख मात्र) | गुर्भाकोट नगरपालिका वडा नं. ५ वा नजिकको वडाको उपयुक्त स्थान |

**पेश गर्न पर्ने आवश्यक कागजातहरू:**

(१) निवेदन,
(२) फर्म/कम्पनी/संघसंस्था दर्ता प्रमाणपत्रहरूको प्रतिलिपी, विनियम, नियमावली,
(३) अघिल्लो आ.व. को करचुक्ता प्रमाणत्रको प्रतिलिपी,
(४) सिलबन्दी प्रस्तावना,
(५) हलुका सवारी साधन ड्राईभिङ तालीम सम्बन्धि ४५ कार्य दिन (२७० घन्टा) को पाठ्यक्रम,
(६) फर्म/कम्पनी/संघ संस्था सुचिकृत भएको पत्रको प्रतिलिपी।

*बोधार्थः श्री सूचना प्रविधि शाखा website मा upload गरिदिनुहुन।*

*कृष्ण प्रसाद पोखेल*
*प्रमुख प्रशासकीय अधिकृत*

## उद्योग खारेजीको सूचना

**सूचना प्रकाशित मिति : २०८३/०६/१६**

उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय, सुर्खेत (साविक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा म/हामी **श्री केशव बि.सी.** धनी रहेको, **दर्ता नम्बर** २०२५/०७०/०७१ बाट **लाटिकाइली-२, सुर्खेतमा** संचालन हुने गरी दर्ता श्रेस्ता कायम रहेको **श्री न्यू केशव कन्स्ट्रक्सन** नामको प्राइभेट साझेदारी उद्योग मेरो हाम्रो घरायसी/आर्थिक कारणले खारेजी गर्नुपर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो ३५ (पैंतीस) दिने सूचना प्रकाशन गरिएको छ। यस उद्योगसँग कोही कसैको कुनै प्रकारको बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत समक्ष लिखित रुपमा दावी गर्न हुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ।

## उद्योग खारेजीको सूचना

**सूचना प्रकाशित मिति : २०८३/०६/१६**

उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय, सुर्खेत (साविक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा म/हामी **श्री खगिसरा कामी** धनी रहेको, **दर्ता नम्बर** ६४३७/०७७/०७८ बाट **भेरीगंगा-१३, सुर्खेतमा** संचालन हुने गरी दर्ता श्रेस्ता कायम रहेको **श्री करेली पशुपंक्षी तथा कृषि फर्म** नामको प्राइभेट साझेदारी उद्योग मेरो हाम्रो घरायसी/आर्थिक कारणले खारेजी गर्नुपर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो ३५ (पैंतीस) दिने सूचना प्रकाशन गरिएको छ। यस उद्योगसँग कोही कसैको कुनै प्रकारको बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत समक्ष लिखित रुपमा दावी गर्न हुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ।

## उद्योग खारेजीको सूचना

**सूचना प्रकाशित मिति : २०८३/०६/१६**

उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय, सुर्खेत (साविक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा म/हामी **श्री गीता दर्लामी** धनी रहेको, **दर्ता नम्बर** ८१२१/०७७/०७८ बाट **गुर्भाकोट-२, सुर्खेतमा** संचालन हुने गरी दर्ता श्रेस्ता कायम रहेको **श्री बुनु कृषि तथा पशुपंक्षी फर्म** नामको प्राइभेट साझेदारी उद्योग मेरो हाम्रो घरायसी/आर्थिक कारणले खारेजी गर्नुपर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो ३५ (पैंतीस) दिने सूचना प्रकाशन गरिएको छ। यस उद्योगसँग कोही कसैको कुनै प्रकारको बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत समक्ष लिखित रुपमा दावी गर्न हुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ।

## उद्योग खारेजीको सूचना

**सूचना प्रकाशित मिति : २०८३/०६/१६**

उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय, सुर्खेत (साविक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा म/हामी **श्री शन्ता पोखरेल** धनी रहेको, **दर्ता नम्बर** २५८०/०७३/०७४ बाट **वीरेन्द्रनगर-१६, सुर्खेतमा** संचालन हुने गरी दर्ता श्रेस्ता कायम रहेको **श्री आशिर्वाद मन्टेश्वरी** नामको प्राइभेट साझेदारी उद्योग मेरो हाम्रो घरायसी/आर्थिक कारणले खारेजी गर्नुपर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो ३५ (पैंतीस) दिने सूचना प्रकाशन गरिएको छ। यस उद्योगसँग कोही कसैको कुनै प्रकारको बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत समक्ष लिखित रुपमा दावी गर्न हुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ।







काँक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, प्रधान कार्यालय : वीरेन्द्रनगर-६, सुर्खेत, फोन: ०८३-५९०१११/९८५१३४४७५४/९८६४८८०६००, Email : ekankrebihardaily@gmail.com, web : kankrebihar.com
सम्पादक : सुशीलराज शर्मा, कार्यकारी सम्पादक : नविन सुवेदी, मुद्रण : मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)